# सरकारी ऋणपत्रहरुको ब्याज भुक्तानी दिने बैंक तथा वित्तीय संस्था एवं बजार निर्माताहरुलाई नेपाल राष्ट्र बैंक, राष्ट्र ऋण व्यवस्थापन विभाग, थापाथलीको ऋणपत्रको ब्याज भुक्तानी सम्बन्धी

## सूचना

नेपाल सरकारका तर्फबाट जारी हुने विभिन्न ऋणपत्रहरु (राष्ट्रिय बचतपत्र, नागरिक बचतपत्र, बैदेशिक रोजगार बचतपत्र, विकास ऋणपत्र) को अर्ध वार्षिक ब्याजको भुक्तानी गरी सोको शोधभर्ना माग गर्दा विभिन्न बैंक तथा वित्तीय संस्था, बजार निर्माता एवं तिनका शाखा कार्यालयहरुले देहाय बमोजिम गर्नु हुन अनुरोध छ ।

१. अर्धवार्षिक ब्याज भुक्तानी दिने क्रममा तयार गरिने दुई प्रति भौचरमा बचतपत्र धनीको नामको लगत्तै कोष्ठ (.......) मा निजको नागरिकता प्रमाणपत्र नम्बर र नागरिकता जारी भएको जिल्ला समेत अनिवार्यरुपमा उल्लेख गरी शोधभर्ना माग गर्नु हुन । **(बचतपत्रको फोटोकपी आवश्यक नहुने)**

२. घरायसी दरपिठ गरी खरिद गरेको बचतपत्र भएमा वा दोस्रो बजार मार्फत खरिद बिक्री भई बचतपत्रमा नाम उल्लेख भएको व्यक्ति बाहेक अन्य व्यक्ति धनी भएमा ब्याज भुक्तानी भौचरका साथै उक्त बचतपत्रको साँवा तथा ब्याज भुक्तानी पूर्जाको दुवै तर्फको फोटोकपी समेत संलग्न गरी शोधभर्ना माग गर्नु हुन । **(बचतपत्रको फोटोकपी अनिवार्यरुपमा पठाउनु पर्ने)**

३. शोधभर्नाका लागि भौचर पठाउँदा सम्पूणं विवरणहरु स्पष्ट बुझिने गरी लेखिएको भौचर पठाउनु हुन ।